लेखापरीक्षण प्रतिवेदन

हुप्सेकोट गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

हुप्सेकोट गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/747

श्रीमान अध्यक्षज्यू,

हुप्सेकोट गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/747

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

हुप्सेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. त्यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.७१ लाख ७२ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.७० लाख २२ हजार फर्स्योट भई प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ लाख ३० हजार र नियमित गर्नुपर्ने रु.१८ हजार गरी जम्मा रु.१ लाख ४९ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.६ करोड ३९ लाख ३ हजारमध्ये रु. १ करोड ७७ लाख ४३ हजार फर्स्योट भई यस वर्षको थपसमेत हालसम्मअद्यावधिक बेरुजू रु.४ करोड ६३ लाख ८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले त्यस पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा-लेखापरीक्षणबाट ऐननियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथाअनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत त्यस पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६७	१३	७१,७२,१०४	१	९	७०,२२,७४९	०	६६	४	१,४९,३५५	०	१८,७२०	१,३०,६३५	०	०	१,४९,३५५	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नवलपरासी बर्दघाट सुस्ता पूर्व	६३९०३३३५	०	१७७४३८८१	४६१५९४५४	०	१४९३५५	४६३०८८०९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको बेहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट संपरीक्षण भएको			
१	२०८१/८२	सामाजिक सुरक्षा	१,०५,३५८
२	२०८१/८२	विशेष अनुदान	१६,६५,५२१

३	२०८१/८२	राजश्व बाँडफाँट	७,२२,६००
४	२०८१/८२	गरीमाचोक मोहनजडा तिनदोभान सडक	४,८७,१४५
५	२०८१/८२	उपभोक्ता समितिबाट कालोपत्रे कार्य	२५,०७,५८५
६	२०८१/८२	उघोग ग्राम	१५,००,०००
७	२०८१/८२	आयोगको परामर्श	०
८	२०८१/८२	आलेप बेरुजु	३४,५४०
जम्मा			७०२२७४९
गत विगत आर्थिक वर्षहरूको संपरीक्षण			
९	२०८०/८१	बिल भर्पाई	१,३५,३६३
१०	२०८०/८१	फरक शिर्षकमा खर्च	२५,६००
११	२०८०/८१	पेश्की जोखिममा	७३,७०,०००
१२	२०८०/८१	पानी तथा बिजुली	४४,७९४
१३	२०८०/८१	पदाधिकारी बैठक भत्ता	३,०६,२५०
१४	२०८०/८१	तलब भत्ता भुक्तानी	१३,६३,०८७
१५	२०८०/८१	आन्तरिक लेखापरीक्षण	२,९०,५६५
१६	२०७९/८०	सक्कल बिल नभएको	३२,०००
१७	२०७९/८०	माटो जाँच मेशिन	३,८०,०००
१८	२०७९/८०	बढी भुक्तानी	३,५६०
१९	२०७९/८०	निर्माण कार्यको गुणस्तर	५३,८३,२१९
२०	२०७९/८०	कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	५०,०००
२१	२०७८/७९	विल भर्पाइ	३,४८,९४९
२२	२०७८/७९	भर्पाई प्रमाण वेगरको खर्च	६,५०,०००
२३	२०७८/७९	पेश्की व्यवस्थापन	१३,५७,५१९
२४	२०७८/७९	निर्देशिकाको पालना नभएको	२,९७५

जम्मा	१७७४३८८१
कुल जम्मा	२,४७,६६,६३०

हुप्सेकोट गाउँपालिका, नवलपुर

(८०४४६५०४३००)

हुप्सेकोट गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना मिति २०७३।११।२८ गते भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल १८९.२१ वर्ग किलोमिटर तथा जनसंख्या २६५८३ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।२८ देखि २०८२।८।२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरुको आयको जम्मा रु.१ अर्ब २३ करोड ४० लाख २० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली:- लेखापरीक्षणको क्रममा बैठक भत्ता समेतको रु.१२२११५ असुल भई दाखिला भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय प्रतिवेदनः**

२.१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था अनुसार पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन देहायबमोजिम रहेको छः-

एकीकृत आर्थिक कारोवार				
प्राप्ति			भुक्तानी	
विवरण	रकम	रकम	विवरण	रकम
सुरु मौज्दात		४०६२७९१८	चालु खर्च	
१.सञ्चित कोष	१९८८६२८७		१. पालिका तर्फ	१३३१०७२८२
२.धरौटी	१०६६३९२४		२. संघीय सशर्त	१९७४५०६८९
३.विविध खर्च खाता	६८९८०५९		३. संघीय विशेष	
४. विविध कोष खाता	१५३१०००		४. प्रदेश सशर्त	
५. विभाज्य कोष खाता	२८३०५४		५. प्रदेश विशेष	३९४३५९४
६. प्रकोप व्यवस्थापन कोष खाता	१३६५५९४		पुँजीगत खर्च	
यस वर्षको आय			१. पालिका तर्फ	९५३६३८७४
१.आन्तरिक आय	१५४५११९९५	१५४५११९९५	२. संघीय सशर्त	७७६८९८९
२. वित्तीय हस्तान्तरण (संघ)		४४५६०७५९०	३. संघीय विशेष	१८१५६०४४
क) समानीकरण अनुदान	९०४७५३६०		४. संघीय समपूरक	७३२६८३६
ख) राजस्व बाँडफाँट	९०६३१३२४		५. प्रदेश सशर्त	०
ग) सशर्त अनुदान	२२६३३५१६०		६. प्रदेश विशेष	०
घ) समपुरक अनुदान	१०००००००		७. प्रदेश समपूरक	३३७७४२५
ङ) विशेष अनुदान	२६३०९४२४		अन्तर सरकारी अख्तियारी (संघ)	
च) रोयल्टी	१८५६३२२		क) सामाजिक सुरक्षा	११०४४८०६८
छ) अन्य			ख) विद्यालय शिक्षा क्षेत्र योजना- केन्द्रस्तर	०
३. वित्तीय हस्तान्तरण (प्रदेश)		२८०३३६३०	ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१७४५०००
क) समानीकरण अनुदान	१२५२०७५०		घ) रोजगार प्रवर्द्धन कार्यक्रम	१८८११३
ख) राजस्व बाँडफाँट	८२२७८८०		अन्तर सरकारी अख्तियारी (प्रदेश)	
ग) सशर्त अनुदान			क) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय- वृद्धिमुखी उद्यमशीलता कार्यक्रम	६६२४४७
घ) समपूरक अनुदान	३३४००००		ख) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय- उद्योग ग्राम स्थापना	१५०००००
ङ) विशेष अनुदान	३९४५०००		ऋणको ब्याज भुक्तानी	
च) रोयल्टी			धरौटी फिर्ता तथा सदर स्याहा	४५८४५६४
छ) अन्य			कार्यसञ्चालन कोषबाट भएको खर्च	१८०३८८
४. अन्तर सरकारी अख्तियारी (संघ)		११२३८११८१	अन्य कोषबाट भएको खर्च	२४४५९७३
क) सामाजिक सुरक्षा	११०४४८०६८		गैरसरकारी संस्थाबाट सञ्चालित योजना	

ख) विद्यालय शिक्षा क्षेत्र योजना- केन्द्रस्तर	०		अन्य सहयोगमा सञ्चालित योजना	
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१७४५०००		अन्य खर्च भएमा	
घ) रोजगार प्रवर्द्धन कार्यक्रम	१८८११३		अनुदान फिर्ता	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)		२१६२४४७	१. संघ तर्फ	
क) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय- वृद्धिमुखी उद्यमशीलता कार्यक्रम	६६२४४७		क) सशर्त अनुदान	२१११५४८१
ख) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय- उद्योग ग्राम स्थापना	१५०००००		ख) विशेष अनुदान	८१५३३८०
६. ऋण/ वित्तीय व्यवस्था			ग) समपुरक अनुदान	२६७३१६४
७. धरौटी आय	३४३८५३०	३४३८५३०	२. प्रदेश तर्फ	
८. कार्यसञ्चालन कोष आय	४८६५००	४८६५००	क) सशर्त अनुदान	
९. अन्य कोषको आय	२७७४२७२	२७७४२७२	ख) विशेष अनुदान	१४०६
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			ग) समपूरक अनुदान	४९५८
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	२८४५११५०	२८४५११५०	अन्तिम मौज्दात	
१२. अन्य आय भएमा	६४१४७१	६४१४७१	१. सञ्चित कोषको मौज्दात	१४०२३००१
			२. धरौटी	९५१७८९०
			३. विविध खर्च खाता	७३३४५५९
			४. विविध कोष खाता	१५८१०००
			५. प्रकोष व्यवस्थापन कोष खाता	११८५२०६
			६. विभाज्य कोष	६११३५३
जम्मा	६५४४५०६८४	६५४४५०६८४	जम्मा	६५४४५०६८४

२.२ स्थानीय संचित कोष व्यवस्थापन प्रणाली(सुत्र) बाट तयार भएको पालिकाको वित्तिय विवरण म.ले.प फा नं २७० अनुसूची-१ मा संलग्न छ ।

(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.३ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब विवरण (म.ले.प.फा.नं.२१२) निम्नानुसार रहेको छ ।

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता ग-४-१	१४०२३००१	१४०२३००१	०
विविध खर्च खाता ग-२-२	७३३४५५९	७३३४५५९	०
विपद व्यवस्थापन खाता ग-७-२	११८५२०६	११८५२०६	०
स्थानीय विभाज्य कोष ग-६-१	६११३५३	६११३५३	०
विविध कोष खाता	१५८१०००	१५८१०००	०
धरौटी ग-३	९५१७८९०	९५१७८९०	०
बैङ्क	३४२५३०११	३४२५३०११	०

३ **आन्तरिक लेखापरीक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्ष पश्चात एकै पटक गराएको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली आ.व २०८१।०८२ मा बनाई कार्यान्वियनमा ल्याएतापनि सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही बेहोराहरू देहायबमोजिम रहेका छन्:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन । जिल्ला दररेट लाई नै आधार लिई कार्य गर्ने गराउने निर्णय गरेको पाइयो ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाइएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समितिले ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्ने कार्यलाई पूर्ण रूपमा कार्यान्वियन गरेको छैन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण बनाई लागू गरेको पाइएन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजना बैङ्क खडा गरेको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाइएन ।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गराएको पाइएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ

मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु.२ करोड ७१ लाख ५९ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.१ करोड ५४ लाख ५१ हजार अर्थात अनुमान भन्दा ५६.८९ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

		रु हजारमा
केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३५३१२०	१५४५१	४.३७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.३७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	१८५४	१७	०।९१
घरजग्गा वहाल कर	११८०	५८७	४९।७४
व्यवसाय कर	६८९	६१४	८९
वहाल विरौटी शुल्क	४६३	०	०

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ।

८ **राजश्व वाँडफाँड**

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **७२२,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९ **राजस्व असुली**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ६ वडाहरूको राजस्व असुली रु. ४८७६३५५ भएकोमा पालिकाबाट मासिक रुपमा भिडान गर्ने गरेकोले नियमित रुपले आम्दानी तथा दाखिला भिडान गर्नुपर्दछ ।

१० **व्यवसाय कर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु.६१४२१४ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

११ **आवधिक योजना** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१२ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१३ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु. ५५ करोड २५ लाख ३२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।३० मा पारित गरी प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

१५ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने

व्यवस्था छ। यस पालिकाले यो वर्ष अन्य पूर्वाधार विकास कार्यक्रममा रु.४० लाख ८५ हजार, समानीकरणतर्फ लागत साझेदारीमा कालोपत्रे कार्यक्रममा रु.४ लाख ७६ हजार र आन्तरिक श्रोततर्फ रु. १५ लाख २४ हजार समेत रु. ६० लाख ८५ हजार अवण्डा बजेट व्यवस्था गरी १३ योजनामा रु.५४ लाख ७६ हजार खर्च गरेको छ। बजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

क्र सं	योजनाको नाम	बजेट / खर्च
१	कुटे मौला मन्दिर मर्मत	५००००
२	बालहित प्रा.वि शौचालय मर्मत	२२५००

१६ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र साँस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ६ वडाको लागि देहाय बमोजिमका वडागत र पालिकास्तरका कुल १४५ योजनामा बजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	६२	८	२९	२५
२.	वडास्तरीय	८३	०	४५	३८

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये १२७ योजनामात्र कार्यान्वयन भई डिजिटल घर नं. वितरण कार्यक्रम लगायत योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१७ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३ करोड १९ लाख ९३ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१८ **लक्ष्य प्रगति :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा केन्द्रीय स्तरका योजनाको

नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । जिम्मेवार पदाधिकारीले तोकिएको ढाँचामा बजेट तथा खर्चको वार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

१९ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को कूल खर्च र क्षेत्रगत खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

सि.न	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	३६१०७०७८	२५२२८७०६	५.४
२	पूर्वाधार विकास	१३४१०७७२३	९८४१३१८८	२१.०९
३	सामाजिक विकास	२८६००८०००	२५०७५७१४२	५३.७५
४	वातावरण तथा विपद व्यवस्थापन	२१५००००	८७७७९६	०.१८
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१६७१८०००	१२२२०५१७	२.६१
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	८४२२००००	७८९९७३८३	१६.९३
	जम्मा	५५९३१०८०१	४६६४९४७३२	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कूल खर्चको आधारमा सामाजिक विकासमा सबैभन्दा बढी ५३.७५ प्रतिशत र वतावरण व्यवस्थापन तथा संस्थागत सुशासनका क्षेत्रमा सबै भन्दा घटीमा २.८० प्रतिशत खर्च रहेको छ ।

२० **खर्च विश्लेषणः**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. १ करोड ५४ लाख ५१ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ४४ करोड ४५ लाख ३८ हजार समेत रु. ४५ करोड ९९ लाख ८९ हजार आम्दानी भएकोमा चालुतर्फ रु. ३३ करोड ४५ लाख १ हजार र पुँजीगततर्फ रु. १३ करोड १९ लाख ९३ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.३१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५ प्रतिशत चालु र २५ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२१ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष गाउँपालिका पुँजिगत लगायत शिर्षकबाट रु १३ करोड १९ लाख ९३ हजार खर्च गरेकोमा रु. ५ करोड ६२ लाख अर्थात् २६ प्रतिशत मात्र बोलपत्रबाट र सोझै रु ५५ लाख ४२ हजार र उपभोक्ता समितिबाट रु ६ करोड ९० लाख ५० हजारको खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

२२ **म्याद थप -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सक्ने व्यवस्था छ। पालिकाले शित भण्डार निर्माण गर्न निर्माण व्यवसायी संग २०७९।७।२५ मा १५ महिना भित्र सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा(१४६ प्रतिशत सम्म)गाँउसभाको निर्णयले २०८२।९।६ सम्म म्याद थप गरेको छ । काबु वाहिरको परिस्थिति बाहेक पूर्व निर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गर्ने पदाधिकारीको कार्य सम्पादन अवस्था विश्लेषण गरेर यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ।

२३ **अधुरो कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(३ख) मा सेवा प्रदायक वा व्यवसायीले काम नगरेको कारणबाट सार्वजनिक निकायले काम गराउनु पर्दा लागेको थप लागतको दायित्व निज व्यवसायी ले व्यहोर्नु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्षसम्मका निर्माण कार्य मध्ये भुवनेश्वर विल्डर्सले तोकिएको समयमा कार्य सम्पन्न नगरेकोमा कार्य तालिका अनुसार कार्य गर्न व्यवसायीलाई निर्देशन दिएको देखिएन। सम्झौता अवधिको शत प्रतिशत अवधि समाप्त हुँदा पनि व्यवसायीले कार्य नगरेको कारणले आयोजना अधुरा रहेको छ। यस्तो अवस्थामा सम्बन्धित व्यवसायीको कार्य योजना लिएर निर्माण/आपूर्ति कार्य गर्नु पर्दछ। सो अनुसार नगर्ने व्यवसायीको कारणबाट आयोजनाको समय र लागत बढ्दै गएको अवस्थामा ठेक्काको अवस्था विश्लेषण गरी उल्लिखित कानुनी व्यवस्था अनुसार बैकल्पिक माध्यमले कार्य गरेर वढी दायित्व आउने लागत सम्बन्धितबाट भराउने गरी कार्य सम्पादन गराउनु पर्दछ।

२४ **परामर्श सेवा (डीपिआर)**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने साथै लागत अनुमान तयार गर्दा स्वीकृत नम्स तथा जिल्ला दररेटको आधारमा गर्नुपर्नेमा पालिकाले भौचर नं. ५४७ मिति २०८२।३।२० बाट पत्थरखोलाको मोटररेवल पुल निर्माणको लागि परामर्शदाता वारवरा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि सँग रु. ९८८७५० मा खरिद गरेको छ । यद्यपी उक्त पुल निर्माणको कार्य अगाडि बढेको नदेखिदा दररेट माग गरी स्वीकृत बजेटको आधारमा लागत अनुमान तयार गरेको हुनाले लागत अनुमान यथार्थपरक भए नभएको विषयमा समेत एकिन हुन सकिएन। नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार गरी खरिद गरिएको परामर्श सेवा कार्यान्वयनमा लैजानुपर्दछ ।

२५ **कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष विविध खर्च, प्रकोप व्यवस्थापन, लैङ्गिक हिंसा निवारण कोष र कर्मचारी कल्याण कोष जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु. ९७९४६५३ सहित रु. १०२८११५३ आय र रु १८०३८८ खर्च गरी रु १०१०००७६५ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

२६ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। कार्यालयले कन्टिन्जेन्सी वापत ३ प्रतिशतले रकम छुट्टाई ११ लाख ७२ हजार विभिन्न स्टेशनरी, प्रविधिकको अनुगमन खर्च लगायतमा खर्च गरेको छ ।सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सीको खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

२७ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

						रु हजारमा
बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेस्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१३१९९३	४५	१७४८३	२४००७	९०४५८	६४४१५
प्रतिशत	१००	०.०३	१३.२४	१८.२०	६८.५३	४८.८०

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३ करोड १९ लाख ९३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.४५ हजार(०.०३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ७४ लाख ८३ हजार (१३.२४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु २ करोड ४० लाख ०७ हजार (१८.२० प्रतिशत) र चौथो त्रैमासिकमा ९ करोड ०४ लाख ५८ हजार(६८.५३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६ करोड ४४ लाख (४८.८० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गरिनुपर्दछ ।

२८ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२९ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३९ वटा ऐन, ४ वटा नियमावली, ६५ कार्यविधि ७ वटा निर्देशिका, ६ वटा मापदण्ड र १ वटा नीति निर्माण गरी कार्यान्वयन ल्याएको छ ।

३० **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको ८ र यसवर्ष थप भएको ४६ गरी कुल ५४ विवाद भएकोमा ४३ वटा फर्स्यौट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३१ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र २० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ५ वटाले मात्र विवरण दाखिला गरी १५ वटाले विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे

अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३२ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ११ संघसंस्था र ५३ व्यक्तिहरूलाई रु.१२१७८६१ आर्थिक सहायता वितरण गरेको छ ।

३३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७२ जनाको दरबन्दी स्वीकृत भएकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६४ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार ८ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३४ **आयोगको परामर्श** –

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

३५ **अवकास कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन तथा विगत वर्षहरुमा उक्त कोषमा रकम विनियोजन हुँदै आएकोमा यस वर्ष उक्त कोषमा रकम विनियोजन भएको छैन । कानून बमोजिम अवकास कोषको स्थापना गरी कार्यान्वयन ल्याउनुपर्दछ ।

३६ **पेश्की फर्छौट**-

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) अनुसार पेश्की लिने व्यक्ति वा सस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र पेश्की फर्छौट गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपलब्ध गराएको फर्छौट गर्न बाँकी पेश्कीको मास्केवारी तथा म.ले.प.फा.नं. २११ अनुसार चालु आ.व मा म्याद ननाघेको रु १२९५४७९ तथा म्याद नाघेको रु. १६६५५२१(सम्बन्धित दफामा समावेश छ) समेत रु.२९६१००० र गत विगत वर्षको फस्यौट गर्ने वाँकी २७५०७७५ समेत आर्थिक वर्षको अन्त्यमा रु ८४९३२९६ पेश्की फर्छौट गर्न बाँकी देखिन्छ । उक्त पेश्की रकम वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ को उपनियम ४ अनुसार फर्छौट गर्नुपर्दछ । चालु आ.व. को म्याद नाघेको निम्नानुसारको पेश्की रकम नियमावलीमा व्यवस्था भए वमोजिम फर्छौट गर्नुपर्दछ ।

सि न	पेश्की लिनेको नाम	म्याद नाघेको	म्याद ननाघेको
१	एन.एन.एस पालुस्थान जे.भी		९०८०००
२	एन.एन.एस पालुस्थान जे.भी		२०५३०००
३	दिक्षा निर्माण सेवा		१११६०००
४	नेपाल विद्युत प्राधिकरण धरौटी खाता	१६६५५२१	०
५	नेपाल विद्युत प्राधिकरण		१५०००००
६	नेपाल विद्युत प्रधिकरण		३५७५१९
६	नेशनल प्रोग्राम सेन्टर प्रा.लि		५९८५००
७	यूनिक बिल्डर्स		२९४७५७
	जम्मा	१६६५५२१	८४९३२९६

३७ **नामनामेसी नखुलेको धरौटी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ६८ अनुसार कसले के बापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंकको खातामा रहेको अवस्थामा कार्यालयले धरौटी रकम राजस्व खातामा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । पालिकाले २०७९।८० को धरौटी अल्या गर्दा रु. १९५८५९७ को नाम नामेसि नखुलाई अल्या गरेको हुनाले पालिकाले यकिन गरी राजश्व खातामा आम्दानी बाँध्नुपर्ने देखिन्छ ।

३८ **हाम्रो छोरी सुरक्षित कार्यक्रमः**

हाम्रो छोरी सुनौलो भविष्य कार्यक्रम संचालन कार्यविधि,२०८१ को दफा १४ मा पालिकाको स्थायी बासिन्दाबाट छोरीको जन्म भएमा एकमुष्ट रु ५००० नावलक छोरीको बैक खातामा रकम जम्मा गरिने तथा उक्त रकम छोरी १६ वर्ष नपुगेसम्म खातामा जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले यस कार्यक्रमको लागि रु ४ लाख विनियोजन गरी सोही रकम खर्च गरेको छ । पालिकाले आफ्नो मापदण्ड निर्माण गर्दा उक्त रकम खाताबाट विशेष परिस्थिति बाहेक निकाल्न नपाईने व्यवस्था गरेको भएतापनि बैकंलाई बालिका १६ वर्षको उमेर भएसम्म रकम फ्रिज गरिदिनुपर्ने जस्ता नियन्त्रणका उपायहरुको कार्यविधिमै व्यवस्था गरी पालना गरेको देखिएन। बैंक खातामा जम्मा भएको रकम निजको अविभावकले तोकिएको समय अगावै पनि रकम निकाल्न मिल्न सक्ने देखिने हुँदा पालिकाले कार्यविधि परिमार्जन गरी बैकंलाई उक्त रकम निकाल्न नमिल्ने गरी समन्वयन गर्नुपर्ने देखिन्छ ।

३९ **मर्मत सम्भार खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन र मेशिनरी औजार मर्मत सम्भारको लागि रु. २५ लाख बजेट विनियोजन गरेकोमा मर्मत सम्भारमा सोही रकम नै खर्च गरेको छ । मर्मत सम्भारमा भएको खर्च मध्ये अधिकांश खर्चको सम्बन्धमा लागत अनुमान तयार गरेको पाइएन भने मर्मत सम्भार तथा संरक्षण खर्च सम्बन्धमा एकीकृत अभिलेख समेत राखेको पाइएन । तसर्थ मर्मत सम्भार सम्बन्धी खर्च गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

४० **तलबी प्रतिवेदन** -

निजामती सेवा ऐन २०४९, को दफा ७(ख), स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क तथा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४७ समेतमा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलबी प्रतिवेदन गाऊसभाबाट पारित गराई गाउँपालिकातर्फका ४५ कर्मचारी तथा स्वास्थ्य तर्फ २७ कर्मचारीको रु. १ करोड ५८ लाख २९ हजार पारिश्रमिक खर्च लेखेको छ ।तलबी प्रतिवेदन कानूनले तोकेको निकायबाट पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी

तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४१ **ईन्धन खर्च -**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ को दफा १० को उपदफा १, २ र ३ मा भएको व्यवस्था अनुसार कार्यालयले ईन्धन खर्चमा मितव्यीता ल्याई खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले ईन्धनका लागि कार्यालय प्रयोजन, पदाधिकारी तथा ब्याकू लोडर तथा ट्रिपरको लागि रु.३७ लाख बजेट विनियोजन गरी रु ३५ लाख ५३ हजार खर्च गरेकोमा PAMS को v2 मा प्रविष्ट गरी कुपन प्रयोग गरी खर्च गरेको देखिएन ।साथै ईन्धन खर्चको लागि आवश्य पर्ने कार्यविधि बनाएको देखिएन। यसरी ईन्धन प्रयोगको कार्यविधि बनाई PAMS को v2 बाट निकालिएको कुपनको प्रयोग गरी सवारी साधनको लगबुकको आधारमा खर्चमा मितव्ययीता ल्याउने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

सि.न	ईन्धन खर्च शिर्षक	विनियोजित बजेट	खर्च रकम
१	पदाधिकारी तर्फ	१००००००	१००००००
२	कार्यालय प्रयोजन तर्फ	१५०००००	१४९००००
३	जे.सि.वि र ट्रिप्पर	१२०००००	१०६३०००
		३७०००००	३५५३०००

४२ **भ्रमण अभिलेख पुस्तिका-**

भ्रमण अभिलेख प्रयोजनका लागि मलेप फारम नं ९०८ भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खातामा तोकिएबमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खातामा भ्रमण आदेश नं, भ्रमण गर्ने कर्मचारीको नाम र पद, भ्रमणमा खटिएको स्थान, भ्रमणमा खटिएको मिति,भ्रमण प्रतिवेदनको संक्षिप्त व्यहोरा आदि खुल्ने गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमण खर्च शिर्षकबाट रु २४ लाख ८८ हजार खर्च लेखेको छ ।भ्रमण अभिलेख पुस्तिका अद्यावधिक नगरी विभिन्न कार्यक्रमहरुमा खटिने कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी भएको देखियो ।भ्रमण खर्च मितव्ययी तरिकाले गर्ने तर्फ पालिकाको ध्यान दिनुपर्दछ ।

४३ **विविध खर्च**

यस स्थानीय तहले यो वर्ष विविध शीर्षकबाट रू.१३ लाख ६४ हजार विविध खर्च गरेको छ । आन्तरिक आयलाई ध्यान दिई विविध खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

४४ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लिखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले खर्च भएर जाने सामानको जिन्सी निरीक्षण गरेको छैन । खर्च भएर जाने जिन्सी सामानको आ.व. २०८१।८२ को मौज्दात आ.व. २०८२।८३ मा सिस्टममा जिम्मेवारी सरेको नदेखिदा जिन्सी निरीक्षण गरी जिम्मेवारी भिडान गरी अद्यावधिक गर्नुपर्दछ ।

४५ **आगजनीः**

२०८२।५।२३ र २४ गतेको जेन जी आन्दोलनका कारण हुप्सेकोट गाउँपालिका वडा नं १ स्थित प्रहरी चौकीमा सुरक्षाको लागि राखिएका देहायबमोजिमका सवारी साधनहरु तोडफोड तथा आगजनी भई उक्त सवारीसाधनहरु पूर्ण रुपमा क्षति भै बीमा प्राधिकारणबाट ईजाजत प्राप्त सर्भेक्षकबाट मूल्याङ्कन गराई देहायबमोजिम सिद्धार्थ प्रिमीयर ईन्स्यूरेन्स लि सँग मिति २०८२।७।१८ गते दावी गरेकोले दाबी रकम प्राप्ति गरी सवारी साधनहरु लिलाम गर्नुपर्दछ ।

सि.न	सवारी साधन	चोसिस नं	दावी रकम
१	जिप स्कर्पियो महिन्द्रा	जे २७०८२	२७५००००
२	जिप बोलेरो महिन्द्रा	जे २७६४५८०	१२०००००
		जम्मा	३९५००००

४६ **आन्तरिक लेखापरीक्षण तर्फ**

४६.१ **ढुवानी करकट्टी:**

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४६.२ प्रमाण पेश गर्नुपर्नेः

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **१४,७७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **१८,७१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४६.३ **नियमित गर्नुपर्नेः**

भौचर नं	वेरुजुको विवरण	नियमित गनुपर्ने	असूल रकम
पुजिंगत १०७।२०८२।३।२	वडानं ६ जापडाँडाको खेल मैदान कम्पाउण्ड मिति भन्दा अगाडीको विल पेश भएको	गाउँपालिका	७५६०
४८६।२०८२।३।१२	वडा नं २ को वितहि सिँचाई कुलो मर्मत सम्झौता भन्दा अगाडिको विल पेश	गाउँपालिका	११६०
जम्मा			१८७२०

नोट: अन्तिम प्रतिवेदनको मस्यौदा पठाइएकोमा उल्लिखित बेरुजु पालिकाले बेरुजु दाखिला गरी पेस गरेकोमा सम्परीक्षण प्रक्रिया सुरु भएपश्चात फछ्र्यौट गरिने ।

अनियमित भएको	१८,७२०

४७ **दूधमा अनुदानः**

गाउँपालिकाको स्वीकृत पशुपंक्षी विकास कार्यक्रम अन्तर्गत संघीय तथा प्रदेश सरकारको राजस्व बाँडफाड बाट प्रत्येकको १२ लाख ५० को दरले रु २५ लाख बजेट व्यवस्था भएकोमा हिउँदे अधिवेशन वाट रु १० लाख थप भै अन्तिम बजेट रु ३५ लाख स्वीकृत

भएकोमा निम्नानुसार रु ३४७५३९० खर्च भएको छ ।

भौचर नं मिति	रकम
८।०८१।११।६	३१२८६०
७।०८१।१०।३०	९४२८४०
३४।०८२।३।१८	१०८८४५८
१८।०८२।२।६	११३१२३२
जम्मा अनुदान रकम	३४७५३९०

हुप्सेकोट गाउँपालिका पशु सेवा कार्याक्रम कार्यान्वियन मापदण्ड, २०८० को दफा १७ मा दुध उत्पादन गर्ने कृषकहरुले दुध विक्री गर्ने गरेको दुग्ध उत्पादक सहकारी संस्था मार्फत दुध विक्री गर्ने कृषकहरुलाई विक्री परिमाणका आधारमा प्रति लिटर रु २० का दरले अनुदान रकम सहकारी संस्थाले कृषककै बैक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । ।कार्यविधि अनुसार पालिकाले कृषि सहकारीलाई रकम भुक्तानी गर्ने तथा सहकारीले कृषकको बैक खातामा जम्मा गर्नुपर्नेमा पालिकाले निम्न सहकारीलाई अनुदान रकम निकासा गरेकोमा सहकारी संस्थाले कृषकको बैक खातामा रकम दाखिला गरी विवरण पेश नगरी सहकारीमा रहेको कृषकको खातामा जम्मा गरिएकाले बैंक खातामा कृषकको खाता खोल्न लगाई रकम जम्मा गर्नुपर्दछ ।
सहकारीबाट कृषकको बैंकको खातामा पठाउन शुरु गरी सकिएको व्यहोरा कार्यालयले जनाएको छ ।

भौचर नं	कृषि सहकारीको नाम	रकम	
६।२०८१।१०।३०	साना किसान कृषि सहकारी संस्था	४१३४००	कृषकको सहकारी खातामा जम्मा गरेको ।
१८।२०८२।२।०६	शहिद प्रदूक कृषि सहकारी संस्था	१८४७८०	कुमारी बैकलाई पत्र पठाएको भएतापनि बैकले रकम जम्मा गरेको प्रमाणित विवरण पेश नगरेको।
	साना किसान कृषि सहकारी संस्था	६८२०२०	कृषकको सहकारी खातामा जम्मा गरेको ।
३४।२०८२।३।१८	साना किसान कृषि सहकारी संस्था	६९१०८०	कृषकको सहकारी खातामा जम्मा गरेको ।
		१९७१२८०	

४८ **विशेष अनुदानः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१,६६५,५२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

४९ **उघोग ग्रामः** (2-2082-03-23):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१,५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

५० **वृद्धिमुखी उद्यमशिलता र रोजगारी प्रवर्द्धनः**

उक्त कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१ अनुसार उद्यमशीलता विकास तथा रोजगारी प्रवर्द्धन मार्फत गण्डकी प्रदेश भित्र दिगो आर्थिक विकासमा सहयोग गर्न, यूवा तथा महिलामा उद्यमशिलता विकास तथा ग्रामीण स्तरमा संचालनमा रहेको उद्यमहरुको सहजीकरण र स्तरीकरण गर्दै महिला तथा यूवाहरुलाई समृद्धिको वाहक बनाउन गण्डकी प्रदेश सरकारले यो कार्यान्वियन कार्यविधि, २०८१ तर्जुमा गरी कार्यान्वियन ल्याएको छ । कार्यालयले मन्त्रालयको ४० लाख पालिकाको २० लाख गरी ६० लाख बाट मन्त्रालयबाट छनौट भएको DAAYITWA(दायित्व) संस्थाले प्राविधिक सम्झौता गर्ने गरी मिति २०८१।८।२४ मा आ.व २०८१।०८२ मा सम्पन्न गर्ने गरी त्रिपक्षिय सम्झौता भएकोमा प्रदेश सरकारको खर्च रु ६६२४४७ सम्भावयता अध्ययन, टिम छनौट, तालिम लगायतमा र पालिका तर्फबाट २० उद्यमीलाई प्रति उद्यमी रु २५ हजार को दरले रु ५ लाख समेत जम्मा रु ११६२४४७ खर्च भएको पाइयो । उक्त कार्यक्रमको तोकिएको समयअवधि १९.३७ प्रतिशत मात्र वित्तिय प्रगति भएकोले उपेक्षित प्रगती भएको नदेखिँदा निर्देशिकाको सि.न ११(ग) बमोजिम तालुक मन्त्रालयले कार्यक्रमको समग्र मार्गनिर्देशन, अनुगमन तथा मूल्याङ्कन गरी दिगो विकासको आधार तयार गरी कार्यान्वियन गराउनुपर्दछ ।

५१ **रुद्रपुर खानेपानी योजनाः**

गाउँपालिकाको वार्ड नं ५ रुद्रपुर मा रुद्रपुर खानेपानी योजना कार्यक्रमको लागि ठेक्का नं २।०८०।८१ बमोजिम कालिगण्डकी निर्माण सेवा सँग निम्नानुसार सम्झौता भै भुक्तानी भएको छ ।

भौचर नं	निर्माण व्यवसायी	सम्झौता रकम(भ्याट र पिएस)	गत वर्षसम्मको भुक्तानी	यस वर्षको भुक्तानी	जम्मा
२१।०८२।३।२४ स्कीम १	कालीगण्डकी निर्माण सेवा	८९५३५८८	६५६२८३८.३७	२३९४५३७	८९५७३७५.३७
३१।०८२।३।२५ स्कीम १	ऊमा निर्माण सेवा	८६८४९३	०	८६८४९३	८६८४९३
२२।०८२।३।२४ स्कीम ३	कालिगण्डकी निर्माण सेवा	१०४९१०७८	०	१०५१२४५४	१०५१२४५४

उल्लेखित खानेपानी योजनाहरु समयमै सम्पन्न भएतापनि लिफ्टिङ्ग योजनाहरुको विद्युत मिटर जडानको कार्य वाँकी नै देखिएकोले विद्युत प्राधिकरण संगको समन्वयमा मिटर जडान गरी पानी संचालन गर्नुपर्दछ । त्यसैगरी ठेक्का नं २२।०८२।३।२४ को स्किम नं ३ अन्तर्गतको ठेक्कामा पानीको गुणस्तर परीक्षण गरी रु ८२४४.८४ ठेक्का सम्बन्धि विलमा समावेश गरी भुक्तानी दिएको तर स्कीम नं १ को सम्झौतामा पानीको गुणस्तर परीक्षण को प्रावधान समेत राखेको नदेखिँदा गुणस्तर परीक्षण गरी स्वच्छ खानेपानी को सुनिश्चित हुनुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खानेपानीको दिगो व्यवस्थापनको लागि खानेपानी तथा सरसफाई समीती गठन गरी उक्त समितिलाई संचालन कार्यविधि सहित हस्तान्तरण गरिनुपर्दछ ।

५२ **शितभण्डार निर्माणः** (30-2082-03-25):

कार्यालय र देवचुली कन्स्ट्रक्सन प्रा. लि विच २०७९।७।२५ भएको सम्झौता अन्तर्गत ठेक्का नं ५।०७८।०७९ को शित भण्डार निर्माण कार्य मिति २०८०।१०।२५ भित्र सम्पन्न गर्ने गरी रु ५१३९४३८९.५०(मू अ कर र पिएस समेत) सम्झौता भएकोमा गाँउ सभाको निर्णयले अन्तिम पटक २०८२ पुस मसान्त थप भएको छ ।पेश भएको तेस्रो रनिङ्ग विल अनुसार (भ्याट सहित रु २९८७९३०८.९६) को मूल्याङ्कन मध्ये अघिल्लो विल रु २११६७४५५.९०(भ्याट सहित) भुक्तानी भएकोमा तेस्रो रनिङ्ग विलको जम्मा मूल्याङ्कन रु ८७०६८५३.०३(भ्याट सहित) मध्ये रु ४७८३२१८.९९ पेश्की फस्यौट गरी रु ३१२२२९५ भुक्तानी गरेको छ । तर निर्माण सम्पन्न नहुँदै चालु आर्थिक वर्षको भुक्तानीमा १०० के.भि को जेनेरेटर खरिद, जडान र टेस्टिङ्ग बापत रु १४ लाख समेत भुक्तानी भएकोले जेनेरेटरको उचित संरक्षण गरी तोकिएको समयमा कार्यसम्पादन गनुपर्दछ त्यसै गरी मिति २०८१।९।२६ को सभाको निर्णयबाट २०८३।१०।३० सम्मको कार्यसम्पादन जमानत र विमाको म्याद थप गर्ने गरी निर्णयभएकोमा लेखापरीक्षणको क्रममा नभएकोले जमानत र विमाको म्यादथप सहित जेनेरेटरको उचित संरक्षण गरी तोकीएको समयमा व्यवस्थापन गर्नुपर्दछ ।

५३ **गरीमाचोक मोहनजडा तिनदोभान सडकः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **४८७,१४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५४ **दहत्तर वहत्तरः**

गाँउपालिकाले २०८१।९।७ को पत्रबाट देहायका खोलाबाट नदीजन्य पदार्थ उत्खनन्को लागि जिल्ला समन्वय समितिको कार्यालयले अनुमतीको लागि पत्राचार गरेकोमा गिरुवारी खोला र वेलहानी खण्ड ख को बाहेक अन्य खण्डको ठेक्का सम्झौता भएको देखिएन सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

सि.न	खोलाको नाम	खण्ड	परीमाण(घ.मी)
१	गिरुवारी खोला	३	२१२०६५.७७
२	पत्थर खोला	१	२७८३१.३३
३	केरुङ्गे खोला	१	१२१६८.७५
		जम्मा	२५२०६५.८५

उल्लेखित परीमाणको लागि स्वीकृत माग गरेकोमा बेलानी खण्ड(क) को ३५३१० खण्ड(ख) को ४७८८ र गिरुवारी खण्डको ३०६८५ घ.मी. उत्खनन् को लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट स्वीकृत प्राप्त भै बोलपत्र मिति २०८१।११।१८ मा प्रकाशन गरिएकोमा दयाश्री कन्स्ट्रक्सन प्रा.लि सँग बेलानी खण्ड ख को ४७८८ घ.मी. (६.७६) उत्खनन्को लागि मात्र १५२८३८५(भ्याट बाहेक) मा ठेक्का सम्झौता भएकोमा बाँकी ९३ प्रतिशत को ठेक्का सम्झौता भएको नदेखिँदा, पालिकाबाट संरक्षणको उचित व्यवस्थापन गरी थप राजस्व वृद्धि गर्न पहल गर्नुपर्दछ ।

मिति २०८१।३।२९ गतेको कार्यपालिकाको निर्णय नं १४ मा गाँउपालिका उन्तर्गत गिरुवारी खोलाक्षेत्रको तटबन्धनका लागि प्रयोग भएका नदीजन्य पदार्थको राजस्व, यस पालिकामा दाखिला नभएकोले उक्त कार्यमा सहयोग गरिदिनुहुन भनी सिँचाई डिभिजन कार्यालय नवलपरासी(ब.स.पू) तालुक कार्यालयमा लेखी पठाउने निर्णय भएकोमा थप राजस्व प्राप्त भएको नदेखिँदा पालिकाबाट अनुगमन गरी थप राजस्व प्राप्त गर्ने तर्फ पहल गर्नुपर्दछ ।

५५ **कर समायोजन प्रमाण पेश हुनुपर्ने :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि रिटेन्सन मनि फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी आन्तरिक राजश्व विभागको मिति २०७१।०७।१४ को पत्रानुसार धरौटी फिर्ता गर्दा मु.अ.कर समायोजन पत्र पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले एक निर्माण व्यवसायीलाई रिटेन्सन मनी बापतको धरौटी फिर्ता गर्दा कर चुक्ता प्रमाण संलग्न नगरी धरौटी रकम फिर्ता गरेकोले भुक्तानी भएको वर्षको कर चुक्ता प्रमाण र भुक्तानी भएको रकमको मुल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

नोट: अन्तिम प्रतिवेदनको मस्यौदा पठाइएकोमा आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेस भएको ।

प्रमाण पेश नगरेको	१,३०,६३५

५६ **अधुरो योजनामा बजेट विनियोजन :-**

पालिकाले गतबिगतमा जग निर्माणको कार्य सम्पन्न भै प्लिन्थ लेवेल सम्म को कार्य सम्पन्न भएको हातिगौडा सार्वजनिक भवन आंशिक कार्य भइ अधुरो रहेको यस बर्ष न्युन बजेट विनियोजन गरी निर्माण व्यवसायी मार्फत रु २५९२४२८ छत ढलान गर्दा समेत पुन: अधुरो हुनेगरी कार्य गरेको देखियो । गत विगतमा अधुरो रहेका उक्त योजनाहरुको अध्यावधिक नापी किताब लगायतका विवरणहरु संलग्न नगरी यस्ता योजनाहरु सञ्चालन गर्दा ओभरल्याप हुन सक्ने समस्या देखिन्छ भने गुणस्तरीयता समेत नहुन सक्ने देखिन्छ । पर्याप्त बजेट बिनियोजन नगरी कार्य गर्दा अधुरो योजनाहरुको निर्माण कार्य पुरा गर्न धेरै बर्ष लाग्ने तथा वार्षिक रूपमा बजेट विनियोजन को

सुनिस्चितता समेत नहुने देखिन्छ । योजना छनौट गर्दा पर्याप्त बजेट तथा सम्पन्न हुने हिसाबले गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

५७ **उपभोक्ता समितिबाट कालोपत्रे कार्य**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२,५०७,५८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

५८ **कार्यालयको कार्य समेत उपभोक्ता समिति मार्फत गराएको:**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा मितव्ययीता ,गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियजनाको मुख्य उधेश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ ।साथै सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष देहायका सरकारी भवन निर्माण उपभोक्ता समिति मार्फत गराई रु. ७२८४४३ खर्च लेखेको छ । उपभोक्ता समितिले गर्ने कार्य लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा गोश्वारा भौचर नं/मिति १४७/२०८२।३।१८ बाट वडा नं. ६ कार्यालय परिसर कम्पाउण्ड वाल निर्माण कार्यका लागि उपभोक्ता समितिलाई रु.३८७५१६ भुक्तानी गरी हस्तान्तरण नहुने र अनिवार्यरुपमा कार्यालयले नै गर्नुपर्ने कार्य उपभोक्ता सिमिति मार्फत गरेको पाईयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुनेगरी निर्माण कार्य गराएकोले नियमअनुसार कार्य सम्पादन गरिनुपर्छ ।

अनियमित भएको

५९ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई पालिकाबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
१९२।०८२।३।२५	भण्डारी टोल देखि परिवडाँडा बाटो उ स	ट्र्याक खन्ने	५९९९६९	जे सि वि	५०००२५
२८।०८१।९।१६	बोचाही सडक स्तरउन्नती उ स	बाटो खन्ने	९९६१७९	जे सि वि	१००२०५०

६० **जटिल संरचना निर्माण –**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१७८।०८२।३।२४	नमुना आ.वि भवन निर्माण उ स	भवन निर्माण	७८३९१६
३०।०८१।१०।९	सूर्य ज्योती भवन निर्माण उ स	भवन निर्माण	८९६५३५

६१ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

६२ **हुप्सेकोट प्राविधिक विद्यालयः**

संघीय समपूरक अनुदान अन्तर्गत हुप्सेकोट प्राविधिक शिक्षालय भवन तथा छात्रावास निर्माण वापत कार्यालय र देवचुली कन्स्ट्रक्सन प्रा लि विच २०७९।१२।२१ मा ठेक्का नं ४।०७९।०८० अन्तर्गत मिति २०८१।३।२१ सम्म सम्पन्न गर्ने गरी रु ४७५७५१०१.७७ को सम्झौता भएकोमा गाउँसभाको मिति ०८१।३।१० को निर्णय अनुसार २०८१।९।३० सम्म म्याद थप भएकोमा चालु वर्ष उक्त कार्यको लागि निम्नानुसार भुक्तानी भएको छ ।

शिर्षक	भौ नं।मिति	भुक्तानी(मू.अ.कर सहित)	कैफियत
गाउँपालिका पुँजिगत संघीय संघीय शसर्त संघीय शसर्त	८।०८१।७।१४ ३।०८१।७।१४ पेफ २८।०८२।३।२५	८६३७५८४ ५१००००० ६०१६०८७	तेस्रो विल तेस्रो विल गत वर्ष चौथो विल

पालिकाले पेश गरेको रनिङ्ग विल अनुसार हालसम्म रु ४०४६५३६९.२५(भ्याट र पि एस समेत) भुक्तानी गरी समपूरक योजनाको हिसाव मिलान गरेको र यस वर्ष २०८२।८३ मा समेत ६५ लाख संघीय सरकारबाट रकम विनियोजन भएको र निर्माण व्यवसायीले समेत अधिकांश कार्य गरीसकेकोले विमा समेतको म्याद थप गरी बमोजिमको कार्य थप भएको म्याद भित्रै सम्पन्न गर्नुपर्दछ ।कार्य सम्पन्न भैसकेको र भुक्तानीको प्रकृयामा रहेको कार्यालयले जनाएको छ ।

६३ **शिक्षक विद्यार्थी अनुपात-**

शिक्षा नियमावली, २०५९ को नियम ७७ अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमश: पचास, पैँतालिस र चालीस हुनुपर्ने, शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ मा शिक्षक दरबन्दी मिलान गर्दा हिमाल, पहाड र तराईका लागि शिक्षक विद्यार्थी अनुपात क्रमश: चालिस, पैचालीस र पचासलाई स्थानीय तहको शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचानको आधारको रूपमा लिने व्यवस्था छ । त्यसैगरी सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ को दफा ५ मा समेत विद्यालय समायोजन एवं एकीकरणका आधारहरू रहेका छन् । पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ:

क्र.सं.	विद्यालयको नाम	ठेगाना	शिक्षक दरबन्दी संख्या	पदपूर्ति संख्या	विद्यार्थी संख्या संख्या	शिक्षक विद्यार्थी अनुपात	स्वयंसेवक शिक्षक संख्या	कैफियत
१	स.सं.तथा सा.मा.वि. गिरुवारी	हुप्सेकोट -३	२०	२०	५९०	१:३०	४	
२	जनता मा.वि. बेलवा	हुप्सेकोट -१	१६	१६	४२१	१:२६	४	
३	नेपाल शान्तिमा.वि.वेलाहानी	हुप्सेकोट -३	१२	१२	४६३	१:३९	६	
४	हुप्सेकोट मा.वि.मौलाथर	हुप्सेकोट -६	१०	१०	२२५	१:२३	६	
५	हुप्सेकोट मा.वि.रुम्सि	हुप्सेकोट -४	८	८	१९०	१:२४	४	
६	शिक्षा वोद्यनी मा.वि. शंखदेउ	हुप्सेकोट -४	१४	१४	२९४	१:२१	४	
७	सूर्य ज्योति मा.वि.जुगेपानी	हुप्सेकोट -१	१३	१३	४३७	१:३४	६	
८	ज्वाला माध्यमिक विद्यालय	हुप्सेकोट -४	११	११	२५१	१:२३	५	
९	शिक्षा वोधनी मा. वि..रुद्रपुर	हुप्सेकोट -५	८	८	१०२	१:१३	४	
१०	जनता माध्यमिक विद्यालय गुहेरी	हुप्सेकोट -२	९	९	२४२	१:२७	४	
११	वराजु आधारभुत विद्यालय भँडारी	हुप्सेकोट -६	४	४	५३	१:१३	२	
१२	जनकल्याण राष्ट्रिय माध्यमिक विद्यालय शंखदेउ	हुप्सेकोट -४	१०	१०	१७८	१:१८	३	
१३	अकेला देवि आ.वि. धौला	हुप्सेकोट -६	२	२	२२	१:११	१	
१४	दुर्गा आ.वि.नाम्जाकोट	हुप्सेकोट -५	३	३	२६	१:९		
१५	नवस्मृति सामुदायिक आ.वि.	हुप्सेकोट -४	४	४	६१	१:१५	१	
१६	लक्ष्मि आ.वि.कुटे	हुप्सेकोट -४	२	२	१८	१:९	१	
१७	वाल हित आ.वि.चपाहा	हुप्सेकोट -२	५	५	६१	१:१२	०	
१८	हुप्सेकोट जनकल्याण आ.वि.मोहनडाडा	हुप्सेकोट -२	५	५	७६	१:१५	१	

१९	शान्ति आ.वि.पिपलडाडा	हुप्सेकोट -६	३	३	७०	१:२३	२	
२०	वालकल्याण आ.वि.कोलिया	हुप्सेकोट -२	४	४	८७	१:२२	१	
२१	नवदुर्गा आ.वि.वाकखोर हाल विस्थापित	हुप्सेकोट -५	०	०		०	०	दरबन्दी मिलान
२२	त्रिभुवन आ.वि.पांगे्र	हुप्सेकोट -५	६	६	६३	१:११	१	
२३	नवजागरणआ.वि.पोखरी हुप्सेकोट ५	हुप्सेकोट -५	०	०		०		दरबन्दी मिलान
२४	रुपकला आ.वि. राम्चे	हुप्सेकोट -५	२	२	२२	१:११		
२५	शिक्षावोधनि आ.वि. बसेनी	हुप्सेकोट -५	३	३	१९	१:६	१	
२६	हुप्सेकोट माध्यमिक.विद्यालय.विरुखरक	हुप्सेकोट -६	९	९	१५५	१:१७	३	
२७	हुप्सेकोट आ.वि.दमार	हुप्सेकोट -६	३	३	५३	१:१८	१	
२८	सरस्वति आ.वि.रातोडाडा भञ्यांग जगदेउ	हुप्सेकोट -६	०	०	२	०		बालबिकास
२९	निरमावराहि आ.वि.	हुप्सेकोट -६	२	२	१५	१:८	१	
३०	नेपाल राष्टिय किसान आ.वि..	हुप्सेकोट -६	३	३	३४	१:११	२	
३१	वालसेवा आ.वि.कुरुन्टार	हुप्सेकोट -६	५	५	१०३	१:२१	२	
३२	विद्याव्योति आ.वि.गाडाखोला	हुप्सेकोट -२	६	६	६७	१:११	२	
३३	राष्टिय आ.वि.पहारेवसेनी	हुप्सेकोट -५	५	५	४२	१:८	२	
३४	वालजागरण आ.वि. चारघरे	हुप्सेकोट -४	३	३	५०	१:१७	१	
३५	नमुना आ.वि.सतकुन	हुप्सेकोट -५	५	५	११५	१:२३	२	
३६	सुर्यविनायक आ.वि.रुम्सी	हुप्सेकोट -४	२	२	२९	१:१५	१	
३७	खरक भन्ज्याग आ.वि. दमारडाँडा	हुप्सेकोट	१	१	१९	१:१९	१	

		-२						
३८	पोखरी देवि आधारभत विदालय	हुप्सेकोट -६	१	१	३१	१:३१	१	
३९	मुना आधारभूत विद्यालय	हुप्सेकोट -७	०	०	१०	०		बालबिकास
४०	लायन खोला आवि	हुप्सेकोट -२	१	१	१५	१:१५		
जम्मा			२२१	२२१	४७११	१:२१	८०	

उपर्युक्त विवरण अनुसार पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको औषत शिक्षक विद्यार्थी अनुपात १:२१ रहेको देखिन्छ । जसमा नेपाल शान्तिमा.वि.वेलाहानीको सबैभन्दा बढी १:३९ र शिक्षावोधनि आ.वि. बसेनीको सबैभन्दा कम १:६ शिक्षक विद्यार्थी अनुपात रहेको देखिन्छ ।

६४ **निशुल्क पाठ्यपुस्तक अनुदान:**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट स्वीकृत भएको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदानका लागि विद्यालयले माग गरेका विद्यार्थी संख्यासहित रकमलाई IEMIS मा प्रविष्ट तथ्याङ्कसँग सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन (Verification) गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाब गरी अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकममा मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले गो.भौ. नं. र मिति ८७/२०८१।१२।६ बाट शैक्षिक सत्र २०८१ को IEMIS तथ्याङ्कलाई आधार मानी कुल ४० विद्यालयलाई पाठ्यपुस्तक अनुदानतर्फ ७५ प्रतिशत रु. २१३४४४४ निकासा गरेकोमा विद्यालयहरूले पेश गरेको पाठ्यपुस्तक खरिदको बिल तथा विद्यार्थीहरूलाई पाठ्यपुस्तक बुझाएको भरपाईलाई आधार मानी भौ. नं. र मिति १९५/२०८२।३।१७ बाट रु. ६७६५५४ गरी जम्मा रु.२८१०९९८ निकासा दिएकोमा IEMIS मा प्रविष्ट विद्यार्थी तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण प्रमाणित गरेको नदेखिएको र नमुना परीक्षण गर्दा देहायका विद्यालयहरूलाई पाठ्यपुस्तकको बिल र विद्यार्थीलाई बुझाएको भरपाईका आधारमा पाठ्यपुस्तक बापत नपुग रकम निकासा गर्दा IEMIS मा भएको विद्यार्थी संख्या भन्दा बढी संख्यामा पाठ्यपुस्तकको बिल भरपाई पेस भई सोही बमोजिम भुक्तानी भएको छ । IEMIS मा प्रविष्ट तथ्याङ्कसँग विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन (Verification) गराई सत्यापित यथार्थ विवरण अनुसार रकम निकासा गर्नुपर्दछ । यस सम्बन्धमा विद्यार्थीहरू पाठ्यपुस्तक बुझी विद्यालय छाडी अन्यत्र गएको कारण EMIS मा भरपाई भन्दा कम विद्यार्थी संख्या देखिएको पालिकाले जनाएको छ।

क्र.सं.	विद्यालयको नाम	कक्षा	विद्यार्थी संख्या		बढी संख्या	पुस्तकको दर (रु.)	बढी (रु.)
			EMIS अनुसार	बिल भरपाई अनुसार			
१	सरस्वती संस्कृत तथा साधारण मा.वि.	१	१८	१९	१	५२०.८	५२०.८
		२	२२	३२	१०	५५६.८	५५६८.
		३	१६	२०	४	५८०.८	२३२३.२
		४	२९	३५	६	५९६.२	३५७७.२
		५	४०	४४	४	६३३.६	२५३४.४
		६	३३	३८	५	७०७.३	३५३६.५
		७	४८	५९	११	७४८	८२२८.
		८	६७	६९	२	८८२.२	१७६४.४
जम्मा							२८०५२.५
२	जनता मा वि भेलवा	३	२०	२१	१	५८०.८	५८०.८
		४	२०	२४	४	५९६.२	२३८४.८
		५	३२	३४	२	६३३.६	१२६७.२
		६	३०	३२	२	७०७.३	१४१४.६
		९	२६	२७	१	७७०	७७०.
		१०	४०	४४	४	९२४	३६९६.
		११	२०	४९	२९	२६९.२८	७८०९.१
		१२	२३	२६	३	३१६.०८	९४८.२
जम्मा							१८८७०.८
३	नेपाल शान्ति मा.वि. हुप्सेकोट ३	४	४६	४८	२	५९६.२	११९२.४
		११	४१	७४	३३	२६९.२८	८८८६.२
जम्मा							१००७८.६
४	शिक्षा बोधिनी मा वि शंखदेव	४	२९	३०	१	५९६.२	५९६.२
		९	२५	२६	१	७७०	७७०.
		१०	२७	२९	२	९२४	१८४८.
जम्मा							३२१४.२
५	सूर्यज्योति मा.वि.	१	२५	२९	४	५२०.८	२०८३.२
		६	३१	३२	१	७०७.३	७०७.३
		७	३२	३४	२	७४८	१४९६.
		८	३१	३६	५	८८२.२	४४११.

जम्मा	८६९७.५
कुल जम्मा	६८९१३.६

६५ स्वयंसेवक शिक्षक

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ को बुदा नं. ४.१ मा स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरू, राहत अनुदानमा कार्यरत शिक्षकहरू, प्रारम्भिक बाल विकासका शिक्षकहरू, विद्यालयमा कार्यरत कर्मचारीको तलब भत्तासमेत सशर्त अनुदानको रुपमा उपलब्ध गराउने व्यवस्था छ। शिक्षा नियमावली २०५९ को नियम ९७(१) मा नेपाल सरकारबाट स्वीकृत दरबन्दीको रिक्त शिक्षक पदमा स्थायी नियुक्तीको लागि उम्मेद्वार सिफारिस भई नआएसम्म बढीमा ६ महिनाको लागि अस्थायी शिक्षक नियुक्त गर्न सक्ने र नियम ९८(१) मा कुनै पनि व्यक्ति वा शिक्षकलाई रिक्त दरबन्दी नरहेको विद्यालयमा नियुक्ति वा सरुवा गर्न नहुने व्यवस्था रहेको छ। यस पालिका अन्तर्गतका विद्यालयहरूमा दरबन्दी बेगरका करार स्वयंसेवक शिक्षक नियुक्त गरी पालिकाले तलब भत्ता समेतमा रु. १३११८००० खर्च लेखेको छ। पालिकाले शिक्षकको दरबन्दी मिलान एवं दरबन्दी स्वीकृत गरेरमात्र तलब भत्ता निकासा दिई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

विवरण	निकासा (रु.)
३१ वटा विद्यालयलाई ७६ जना स्वयंसेवक शिक्षकको तलब भत्ता	१२००४०००
२ वटा विद्यालयलाई कक्षा ११, १२ का ४ जना शिक्षकको तलब भत्ताका लागि थप निकासा	१११४०००
जम्मा	१३११८०००

६६ शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४० सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	विभिन्न	२२१	२२१	१३	४७११

६७ राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम-

राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ को दफा ६ मा कृषि तथा पशुपालन, पर्यटन र गैरकृषि क्षेत्रमा केन्द्रित भई स्थानीय विपन्न महिलालाई सीप विकास तालिम प्रदान गरी व्यवसाय स्थापना र सञ्चालन गर्न खर्च अनुदान (टेवा पुँजी वा बीउ पुँजी) सहयोग उपलब्ध गराउने, दफा ७ मा कार्यक्रम सञ्चालनका लागि संस्था छनौट गर्न प्रस्ताव आह्वान गर्नुपर्ने, संस्थाबाट लक्षित वर्ग छनौट गर्दा एक परिवारबाट एउटा भन्दा बढी महिला नपर्ने गरी विपन्न महिला, कोभिड १९ प्रभावित महिला, एकल महिला, हिंसा पीडित महिला, परिवारमा कृषि बाहेक अन्य कुनै नियमित रोजगारी नभएको परिवारको महिला जस्ता विषयलाई आधार लिने, कार्यक्रम कार्यान्वयनको अनुगमन सम्बन्धित स्थानीय तहबाट हुने व्यवस्था छ । पालिकाले सम्बन्धित वडा कार्यालयको सिफारिस अनुसार लाभग्राही छनौट गरी लेकबेसी सामाजिक उद्यमी महिला सहकारी संस्था लि. मार्फत २५ जना महिलाहरूलाई व्यावसायिक बाख्रापालन तालिम सञ्चालन गरी निजहरूलाई जनही रु.२६००० का दरले जम्मा रु.६५०००० बिउपाठी बापत अनुदान रकम वितरण गरेकोमा अनुदानको अनुगमन गरी पालिकामा प्रतिवेदन पेस गरेको नदेखिदा अनुदानको सदुपयोग तथा प्रभावकारिताको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ। यस सम्बन्धमा पालिकाले यस वर्ष उक्त अनुदानको अनुगमन हुने चरणमा रहेको जनाएको छ ।

६८ सामाजिक सुरक्षा-

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **१०५,३५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६९ **वृत्ति परामर्श तथा अभिभावक शिक्षाः** (37।418-2081-06-21):

हुप्सेकोट गाँऊपालिकामा सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा निहित रुची तथा क्षमताको पहिचान गरी भविष्यमा उनिहरुको वृतिको मार्ग तयार गर्न सम्बन्धित विद्यालयमा अध्यापनरत शिक्षकहरुलाई वृति परामर्श सम्बन्धि तालिम प्रदान गर्न र अभिभावकलाई समेत शिक्षा प्रदान गर्ने कार्य लाई व्यवस्थित बनाउन पालिकाले वृति परामर्श तथा अभिभावक शिक्षा सेवा केन्द्र व्यवस्थापन तथा संचालन कार्यविधि, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोमा वृति परामर्श तथा अभिभावक शिक्षा कार्यक्रमको बैठक तथा खाजा खर्च वापत रु २६२०६० खर्च भएको छ ।तर निर्देशिका दफा नं ११ बमोजिम रोजगारी सूचना केन्द्रले रोजगार सूचना शाखामा सम्पर्कमा आएको व्यक्तिहरुले वृतिपथ खोजीका लागि सहजीकरण गर्ने निजीक्षेत्रले बेरोजगारी यूवालाई सूचना तथा तथ्याङ्कको लागि समन्वय गर्ने तथा गैरसरकारी संघ संस्थाले संलग्न समूहहरुको तथ्याङ्कको लागि समन्वय गरी अनुसूची १ बमोजिमको प्रगति विवरण तयार गनुपर्नेमा निकायले आ-आफ्नो जिम्मेवारी अनुसारको कार्यप्रगति नवनाएकोले निर्दिष्ट उद्वेश्य बमोजिम प्रगति प्रतिवेदन वनाई व्यवस्थापन गर्नुपर्दछ ।

७० **सुर्य ज्योति मा.बि अधुरो भवन निर्माण :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै निर्माण कार्य खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेसिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने प्रावधान छ। त्यसैगरी नियम ७ मा एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोगताको लागि खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नु पर्ने र सो गुरुयोजनामा खरिदको प्रकार परिमाण र मोटामोटी अनुमानित मूल्य, खरिद विधि, अधिकतम प्रतिस्पर्धाको लागि खरिदलाई टुकूयाइने वा प्याकेज बनाइने भए सोसम्बन्धी व्यवस्था, समग्र खरिद कारबाही पूरा गर्नको लागि गरिने सम्झौताहरुको मोटामोटी संख्या जस्ता कुराहरु उल्लेख गर्नुपर्ने व्यवस्था छ। पालिकाले सितापुर अधुरो नाला निर्माण का लागि नियमावली बमोजिम नक्सा, डिजाइन, एकमुष्ट लागत तयार नगरी सालबसाली बजेट विनियोजन गरी बजेट बमोजिमकै लागत अनुमान तयार गरी निर्माण गराउंदै आएको देखिन्छ। पालिकाले यस वर्ष रु १०८१९२९ को लागत अनुमान तयार गरी रु.९६९९८८.७१ भुक्तानी गरी कार्य सम्पन्न गरेको छ। त्यसरी काम गराउँदा पुरानो नापी किताब समेतको नापी अधावधिक राखी लागत तयार गरेको छैन जसले एकै काममा दोहोरोपना हुन सक्ने जोखिम समेत रहेको छ। पालिकाले नियमावली बमोजिम एकमुष्ट लागत अनुमान तयार गरी निर्धारित खरिद विधि अवलम्वन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

७१ **औषधि खरिद –**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । यसवर्ष पालिकाले गाँउपालीका बजेट उप शिर्षकबाट केवलेश्वर मेडी सेल्स फर्मसँग रु १४,२४,७९४ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामग्रीमा उल्लिखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

७२ **स्यानिटरी प्याड-**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रूपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरू १४८३ जना रहेका छन। पालिकाले हेल्थ एण्ड हाईजिन प्रोडक्ट प्रा.लि बाट १५०४४ थान स्यानिटरी प्याड रु. ६०९४३९ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरेको छ ।

७३ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ३ वटा बर्थिङ सेन्टरमा गत वर्ष ११० थानको रु ९९७८९ खरिद भएकोमा यस वर्ष खरिद भएको देखिएन । गत वर्ष ७८ जना र यस वर्ष ८० जना गरी १५८ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरू तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

७४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ११५ जनालाई औसत ६० दिनले ६८८१ दिन रोजगारी उपलब्ध गराई रु.४५९६५०८ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७५ **अनुदानको अनुगमन मूल्याङ्कन -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष २१ कार्यक्रममा कृषि फर्म तथा सहकारी संस्था तथा विभिन्न व्यक्तिहरुलाई २४ लाख ७७ हजार विभिन्न कृषि समूह तथा कृषकलाई कृषि तथा पशु विकास लगायतको कार्यक्रममा निम्नानुसार अनुदानमा सामाग्रि तथा विउ उपलब्ध गराएकोमा वितरित सामाग्रि तथा विउ विजन तोकिएको प्रयोजनमा उद्वेश्य अनुरुप सदुपयोग भए नभएको सम्बन्धमा एकीकृत रुपमा अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको देखिएन । वितरित अनुदानको अनुगमन मुल्याङ्कन नहुँदा उद्वेश्य अनुरुप अनुदान उपयोग भएको सम्बन्धमा यकिन हुन सकिएन । केही उदाहरणः

क्र.सं	अनुदान दिएको संस्था नाम र ठेगाना	अनुदान विषय	जम्मा भुक्तानी रकम
१.	सप्तरंगी कृषक समूह हुप्सेकोट-२,कोलिया	त्रिपाल १४ वटा स्प्रे टंकि २ वटा	१८०००
२.	ज्योती कृषक समूह ,हुप्सेकोट-	पि.पि सेट 14 वटा त्रिपाल (12*15) १0 वटा ग्रिन नेट (1.5*50) ७ वटा प्लाष्टिक मल्चिङ्ग १० वटा	४८५००
३.	बेलहानी महिला कृषक समूह ,हुप्सेकोट-३	त्रिपाल १२ वटा स्प्रे टंकि २ वटा प्लाष्टिक मल्चिङ्ग १० वटा	३७०००
४	ध्रुव तारा कृषक समूह, हुप्सेकोट-२, कोलिया	त्रिपाल १६ वटा डिजिटल काटा १ वटा स्प्रे टंकि १ वटा	२३२५०
५.	रुम्सी रिपाहा कृषक समूह ,हुप्सेकोट-४, रुम्सी रिपाहा	हाते टयाक्टर १ वटा	३४०००
६.	खाम्चा कृषि तथा पशुपन्छी फर्म ,हुप्सेकोट-१,जुगेपानी	हाते टयाक्टर १ वटा	३४०००
७.	प्रेम पिन्ड तरकारी फर्म, हुप्सेकोट-१,सिमलबारी	प्लास्टिक मल्चिङ्ग १० वटा	२२५००
८.	दिप ज्योती कृषक समूह, हुप्सेकोट-२,कोलिया	त्रिपाल ३२ वटा मकै रोप्ने मेसिन १ वटा स्प्रे टंकि १ वटा	३५७५०
९.	श्री सफल महिला कृषक समूह, हुप्सेकोट-१,बेलुवा	हाते टयाक्टर १ वटा डिजिटल काटा १ वटा ठेलागाडा १ वटा	४८५००
१०.	हाना एग्रीकल्चर फर्म, हुप्सेकोट-३, बेलहानी	मकै रोप्ने मेसिन १ वटा स्प्रे टंकि १ वटा त्रिपाल १ वटा	११०००
११	मातृभूमी अर्गानिक कृषि फर्म, हुप्सेकोट-१, सिमलबारी	प्लाष्टिक मल्चिङ्ग १० वटा	२२५००
१२	श्री जीवन ज्योती कृषक समूह, हुप्सेकोट-६,भडारी	कम्वाईन मिल १ वटा ब्रस कटर १ वटा	३९०००
१३.	मित्रवाटिक कृषि फर्म, हुप्सेकोट-४, शंखदेव	क्यारेट 2० मल्चिङ्ग 10	२६९००
१४.	पार्वती फाल मगर, हुप्सेकोट-३,देउराली	प्लाष्टिक मल्चिङ्ग १० वटा	२२५००
१५.	थलिराम महतो, हुप्सेकोट-१	हाते टयाक्टर १ वटा	३४०००
१६	मिलनसार कृषक समुह,हुप्सेकोट २	त्रिपाल २० वटा डिजिटल काटा १ वटा	२५२५०
१७.	श्री हुप्सेकोट माछापुच्छ्रे कृषक समूह ,हुप्सेकोट ४, झ्यालबास	मकै रोप्ने मेसिन १ वटा मकै छोडाउने मेसि न १ वटा स्प्रे टंकि १ वटा	१८०००

१८	श्री प्रगतिशील बहुउद्धेश्यीय कृषक समुह,हुप्सेकोट ४	पकेट विकास कार्यक्रम	१२०००००
१९	मौरीको घार तथा चाका वितरण	सेरेना मौरीघार-७८ मेलिफेरा मौरीघार-१६ सेरेना मौरी सहित-१ मेलिफेरा मौरी सहित-२ सेरेना आधार चाका-१५ के.जी आहकर दानी-४५ पिस रवर पंजा-७ रानी ढोका-५० पिस	३८४३००
२०	हिँउदे तथा लहरे तरकारीको बीउबिजन २२५जना भन्दा बढी कृषक,समूह तथा फर्मलाई वितरण	उन्नत विउ वितरण कार्यक्रम	२९९९३६
२१	कन्य च्याउको बीउ ३३० जना भन्दा बढी कृषक, समूह, विद्यालय तथा फर्मलाई वितरण	च्याउ प्रवद्धन पत्र	९९६५०
जम्मा अनुदान वितरण			२४७७०८३

अनुदान वितरण गर्दा सकभर दर्ता भएको कृषक समूहलाई दिनुपर्दछ तथा वितरित अनुदानको आवधिक रुपमा अनुगमनगरी मूल्याङ्कनगरी प्रतिवेदन तयार गरि बेवसाइट मार्फत सार्वजनिकीकरण गरिनुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : हुप्सेकोट गाउँपालिका, नवलपुर , हुप्सेकोट गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	हरि प्रसाद पराजुली	२०८०-१२-२२	२०८२-०९-०४
कार्यालय प्रमुख	बेदहरि अधिकारी	२०८२-०९-११	हाल सम्म कार्यरत
लेखा प्रमुख	राजेन्द्र प्रसाद रेग्मी	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५९३,५५३	२,५२६,३०५	८८६,७२५	०	०	३,१६५,५२१
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	७,१७२,१०४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	७,०२२,७४९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१४९,३५५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४०६२७९१८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३५४९७६२६६	चालु खर्च	३३४५०१५६५
प्रदेश सरकारबाट अनुदान	१९८०५७५०	पूँजीगत खर्च	१३१९९३१६८
राजश्व बाँडफाँट	९८८५९२०४	वित्तीय/अन्य व्यवस्था	१५३७०२९४२
आन्तरिक आय	१५४५१९९५		
अन्य आय	१२४७२९५५१		
कुल आय	६१३८२२७६६	कुल खर्च	६२०१९७६७५
बाँकी मौज्दात		३४२५३००९	

अनुसूची - २

बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	१०,३९,१९,१९८.८२	१०,३९,१९,१९८.८२	९,५४,३०,४५१.४१	९,५४,३०,४५१.४१
१३०००	अनुदान	३४,३८,२२,४५४.६२	३४,३८,२२,४५४.६२	३१,३८,०८,४१५.४६	३१,३८,०८,४१५.४६
१४०००	अन्य राजस्व	९०,३६,९२१.६४	९०,३६,९२१.६४	९२,५६,३७९.६१	९२,५६,३७९.६१
१५०००	विविध प्राप्ति	३२,११,४०१.००	३२,११,४०१.००	७५,६५०.००	७५,६५०.००
क	कुल जम्मा प्राप्ति	४५,९९,८९,९७६.०८	४५,९९,८९,९७६.०८	४१,८५,७०,८९६.४८	४१,८५,७०,८९६.४८
३	चालु	३३,४५,०१,५६५.७४	३३,४५,०१,५६५.७४	३१,३३,८२,४१६.०८	३१,३३,८२,४१६.०८
२१०००	पारिश्रमिक / सुविधा	१७,२८,८३,७७५.९०	१७,२८,८३,७७५.९०	१६,०१,३६,९४८.०६	१६,०१,३६,९४८.०६
२२०००	मालसामान तथा सेवाको उपयोग	९,०२,७२,०४७.८४	९,०२,७२,०४७.८४	११,८९,१०,१२७.२२	११,८९,१०,१२७.२२
२५०००	सहायता (Subsidy)	६,३५,१९,३८२.००	६,३५,१९,३८२.००	२,३६,६५,९५०.००	२,३६,६५,९५०.००
२७०००	सामाजिक सुरक्षा	७२,७०,४१०.००	७२,७०,४१०.००	२७,०२,७७१.००	२७,०२,७७१.००
२८०००	अन्य खर्च	५,५५,९५०.००	५,५५,९५०.००	७९,६६,६१९.८०	७९,६६,६१९.८०
४	पूंजीगत	१३,१९,९३,१६८.००	१३,१९,९३,१६८.००	११,५९,३६,६६६.००	११,५९,३६,६६६.००
३१११०	भवन तथा संरचना	२,४४,३०,४०५.००	२,४४,३०,४०५.००	१,८६,३२,९८१.००	१,८६,३२,९८१.००
३११२०	सवारी साधन,	४७,८०,६३६.००	४७,८०,६३६.००	२६,२६,६६२.००	२६,२६,६६२.००

	मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स				
३११३०	अन्य पूँजीगत खर्च	१३,११,८५८.००	१३,११,८५८.००	२५,५७,८२०.००	२५,५७,८२०.००
३११५०	सार्वजनिक निर्माण	१०,१४,७०,२६९.००	१०,१४,७०,२६९.००	९,२१,१९,२०३.००	९,२१,१९,२०३.००
ख)	कुल जम्मा भुक्तानी	४६,६४,९४,७३३.७४	४६,६४,९४,७३३.७४	४२,९३,१९,०८२.०८	४२,९३,१९,०८२.०८
ग)	बचत /कमी (ग = क-ख)	(६५,०४,७५७.६६)	(६५,०४,७५७.६६)	(१,०७,४८,१८५.६०)	(१,०७,४८,१८५.६०)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	(२,३१,५७२.१७)	(२,३१,५७२.१७)	२३,२९,३०८.९८	२३,२९,३०८.९८
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी	(६,५१,६६०.००)	(६,५१,६६०.००)		
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(६७,३६,३२९.८३)	(६७,३६,३२९.८३)	(८४,१८,८७६.६२)	(८४,१८,८७६.६२)

च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	४,०३,४४,८६५.५१	४,०३,४४,८६५.५१	४,८७,६३,७४२.१३	४,८७,६३,७४२.१३
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	३,३६,०८,५३५.६८	३,३६,०८,५३५.६८	४,०३,४४,८६५.५१	४,०३,४४,८६५.५१

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोभै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक सख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर

भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।